## पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्न सरकार प्रतिवद्ध छः-सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. खतिवडा

१. जति वेला संविधान सभाले संविधान बनाईराखेको थियो । प्रेसको स्वतन्त्रता भर्सेस पूर्ण स्वतन्त्रताको विषय उठिराखेको थियो मैले नजिकवाट सुनेको हेरेको र त्यो वहसमा कहिँकतै सहभागि पनि भएको थिएँ, अनौपचारिक रुपमै पनि ।पूर्ण प्रेस स्वतन्त्रता सरकारले भनि सकेको अवस्थामा सरकारले संविधानको कार्यान्वयन गर्ने जिम्मेवारी बोकेको छ। त्यो सम्बन्धमा मौलिक हकको पालनका सन्दर्भमा सरकार प्रतिवद्ध छ।पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूतिको प्रतिवद्धता व्यक्त गर्दै प्रेसबाट जवाफदेहिता, उत्तरदायित्व, अनुशासन कायम राखिने अपेक्षा लिइएको छ।राष्ट्र, राष्ट्रियता, जनता, सामाजिक सद्भाव अन्तर्राष्ट्रिय सम्बन्धका संवेदनशिलता, मुलुकको विकास र समृद्धि, सुशासन प्रतिको जवाफदेहिता कायम राखिएको खण्डमा संविधानमा उल्लेखित पूर्ण प्रेस स्वतन्त्रताबाट प्राप्त हुने हाम्रो मुलुकको समृद्धि, समुन्तिमा प्राप्त हुने लाभको अपेक्षा राखिएको छ ।सरकारले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभुति गर्ने र प्रेसले जवाफदेहिता पालना गर्ने कार्य गर्नुपर्नेछ ।

२. सञ्चारमाध्यम र सरकारको सम्बन्ध प्रतिपक्ष र सरकारको जस्तो होइन । संसद्मा प्रतिपक्ष दलहरुसंग समेत मुलुकको विकास र समृद्धिको मामिलामा सहकार्य गर्दै अघि बढेको, राष्ट्रियता, भौगोलिक अखण्डता, विपद् व्यवस्थापनका सन्दर्भमा, साझा ऐजेन्डामा मुलुकको हितका लागि समेत बारम्बार सहकार्य गर्दै अघि बढेको सन्दर्भमा हाम्रा सम्वन्ध अझै नजिकबाट विकास गराउनु जरुरी छ ।

३. नेपाल सरकारबाट प्रस्तुत हुने क्रममा रहेका विद्येयकहरुमा देखिएका र लागेका थप सुझावहरुको लागि आह्वान गर्दै प्राप्त सुझाबका आधारमा परिमार्जन गरी अघि बढ्न सरकार तयार छ।सूचना प्रविधि ऐनमा सजायको सामान्य मान्यता के हो भने नागरिक स्वतः अनुशासित हुनुपर्छ।चाहे त्यो प्रेसकर्मी / सूचनाकर्मी होस् वा सरकारमा बस्ने होस या बाहिरको सामाजिक जिवनमा वस्ने जो पनि आमनागरिक होस् उसका पनि आफ्ना केहि अनुशासनहरु हुन्छन केहि विधिहरु हुन्छन तर त्यति गरिरहँदा पनि पालना हुँदैन भने कुनै न कुनै रुपमा अनुशासित गर्नुपर्ने हुन्छ ।तर त्यसलाई हामीले अत्याधिक अस्वभाविक ढंगले लानु हुँदैन भन्ने हामी सबैको धारणा हो किन भने पुलिस प्रशासन फेरी पनि हुन्छ यसको मतलब हामी सबै अपराध गर्छौं भन्ने त होइन नि त्यसो हुनाले यस्ता विषयहरु हामीले अलि व्यावहारिक र अन्तर्राष्ट्रिय अभ्यासहरुको पनि अनुकुल हुने गरी अघि बढाएर जानु पर्दछ भन्ने मलाई लाग्दछ।

४. सार्वजनिक प्रसारणको सन्दर्भमा रेडियो र टेलिभिजनलाई एकृकित गर्ने विद्येयक पनि हामीले तयार गरेका छौ ।त्यसमा पनि हामी थप छलफल गरौला।अब सरकारी प्रेसको भूमिका आवश्यक छैन भन्ने कुरा पनि गर्नु भयो, यो त मैले धेरै पहिले भनेको थिए २०४८/ ४९ सालमा जब निजी क्षेत्रमा छापाखानाहरु

आउनु भयो त्यतिखेर मैले भनेको थिए तर यो विषय सरकारी छापाखाना चाँहिदैन भन्ने कुराको प्रत्याभुति दिने काम अब निजी क्षेत्रले गरिदिनु पर्‍यो ।आश्वस्त हुने वातावरण बनेपछि त सरकार निजी क्षेत्रले स्वस्थ ढंगले प्रेस चलाउने स्थिति, सबै प्रतिस्पर्धी ढंगले बढिरहँदा सरकारले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने भन्ने त धेरै ठाँउ हुँदै हुँदैन ।त्यसो हुनाले यो वातावरण बनाउँ ।यो विषयमा थप  छलफल गर्दै हामी अघि बढ्न सक्छौ।

५. विज्ञापन विधेयक पास भएर आइसकेको विज्ञापन बोर्ड गठन गर्ने, लोककल्याणकारी विज्ञापन वितरण गर्ने, त्यो बोर्डको संरचनामा नै हामी कसरी सहभागीमुलक बनाउन सक्छौं त्यो त ऐनमै व्यवस्था भएको होला, ऐनमा भएको व्यवस्था अनुसार पनि व्यक्ति चयनमा पनि कहिले काँही अलिकति हामीले हेर्न सक्ने ठाँउ हुन्छ भन्ने मलाई लाग्छ । हामी तपाईसँग सरसल्लाह गरी अघि बढ्न     चाहन्छौ ।

६. आमसञ्चार सम्बन्धी विधेयकको पनि मस्यौदा तयार छ ।यसमा हामीले थप छलफल गरी अघि बढ्नुपर्ने स्थिति छ। त्यो बाहेक संचार तथा सूचना प्रविधि मन्त्रालयमा अन्य ऐन पनि मस्यौदाका क्रममा छन्। त्यसो हुनाले अहिले अत्यन्त धेरै हामी कानून निमार्णको तहमा भएको हुनाले र यो सन्दर्भमा प्रेससँगको सहकार्य सरोकारवालाहरुसँग मैले अत्यन्त जोड्का साथ लिएको छु।खास गरी यो कुनै समय म संयुक्त राष्ट्र संघमा काम गर्दा दिगो विकास लक्ष्यहरु प्राप्त गर्नका लागि सरोकारवालाहरुको भूमिका के हुन्छ ? भनिरहँदा र एसिया प्यासिफिक क्षेत्रकै दिगो विकास लक्ष्य प्राप्त गर्ने रणनीति बनाइरहँदा प्रेसको भूमिकाबारे एउटा च्याप्टर नै लेखेको थिए।त्यसो हुनाले हामीले सबैका भूमिका, जिम्मेवारी, संभावनाहरुलाई उजागर गरिदिने, सरकारलाई सुशासन र पारदर्शी ढंगले जनहितमा काम गर्नलाई सहयोग गर्ने र बाध्य पनि गर्ने संयन्त्रको रुपमा र नागरिकलाई सुसूचित बनाएर सहि निर्णय गर्न सक्ने अवस्थामा पुर्याउने लोकतान्त्रिक विधिमा, लोकतान्त्रिक प्रणालीको एउटा आधार स्तम्भ पनि हो ।त्यहाँ पुर्याउनका लागि प्रेसको भूमिका हुनुपर्छ ।यो निवार्चनसँग मात्र सम्बन्धित होइन विकास र सुशासनसँग पनि सम्वन्धित विषयमा प्रेसका भूमिकालाई अगि बडाउनु पर्छ ।

७. संचार सेवा के हो ? अहिले हामीले औद्योगिक व्यवसाय ऐनमा छलफल गरिरहदाँ यो एउटा सेवा उद्योग हो ।संचार सेवा उद्योग अथवा सूचना प्रविधि सेवा उद्योग सबै सञ्चार सूचना प्रविधिमा मात्र आधारित पनि छैन ।त्यसो हुनाले संचार सेवा उद्योगको कुनै एउटा परिभाषा भित्र गएर केहि विचार राख्नु पर्छ भनेर त्यतिखेर अनुसूचिमा हामीले केहि शब्दावली राखेका पनि छौ ।त्यो यहाँहरुकै सुझावबाट पनि हो यसलाई स्पष्ट गर्नुपर्नेछ भने हामी त्यसमा अघि बढौला तर त्यसो भईसके पछि जब उद्योगको रुपमा त्यो दर्ता हुन्छ भनेर त्यसको रजिष्ट्रेशन उद्योग विभाग वा कम्पनी रजिष्ट्रार कार्यालय भित्र हुन्छ । कम्पनीसँग सम्बन्धित कारोबारको कुराहरुमा उद्योग विभागै सरोकारवाला हुन्छ तर अब पत्रकारिता सम्बन्धी आचारसंहिता, संचार सम्बन्धी आचारसंहिता, सुचना प्रविधि सम्बन्धी आचारसंहिता अथवा नियमनका केहि

विषयलाई सम्बन्धित मन्त्रालयबाट हुन्छ त्यसो हुनाले धेरै ठाँउमा हामी एउटै मन्त्रालयमा सम्बन्धित हुँदैनौ ।जस्तोकि कुनै एउटा बैंक नियमनका लागि नेपाल राष्ट्र बैंकसँग सम्बन्धित हुन्छ ।तर कम्पनी कानूनी पालना गर्ने कुरामा कम्पनी राजिष्ट्रारको कार्यालयसँग पनि सम्बन्धित हुन्छ । यस्तो दुईटा ठाँउमा हुने व्यवस्था हुन्छ तर पनि हामीले त्यसमा कुनै दुविधा छ, भने स्पष्ट गर्नुपर्छ ।

८. सिंहदरबारको प्रवेश पासको विषयलाई लिएर संचार मन्त्रालयका साथीहरु यहाँ हुनुहुन्छ, यसमा तपाईले वर्कआउट गरिदिएर सिंहदरबारमा सहज रुपमा संचारकर्मीहरुको प्रवेश हुन सक्ने व्यवस्था तपाईहरुले मिलाई दिनुपर्छ ।हामी कसैलाई प्रवेश निषेध गरेर एकदमै स्वस्थ, स्वच्छ संचार जगत विकास गर्छौं भन्ने हाम्रो सोच होइन, कतै व्यवहारमा त्यस्तो भएको रहेछ भने हामी हेरौंला।यो मैले भनिरहँदा पछिल्लो पटक मिडिया विद्येयकमा भएका संशोधनमा सुधार, तपाईहरुको भूमिका त्यो उत्पादक भूमिका थियो ।त्यसले त्यो विद्येयक अघि बढ्न सहयोग पुगेको कुरा पनि म यहाँ स्मरण गर्न चाहन्छु ।

९. अब हामीले संसदमा पास गर्ने विद्येकहरुमा त्यसै गरी तपाईसँगको सहकार्य र सरकारले सबै चिज आफैले देखेर परिपक्व ढंगले गरिहाल्छ भन्ने पनि होइन सरकारले एउटा प्रयास असल प्रयास गर्ने हो।त्यो प्रयास गरिरहँदा पनि कतिपय कुराहरुमा कहि त्रुटि कमजोरी रहयो भने सच्चाउनमा सरोकारवालाको भूमिका हुन्छ । त्यसमा मैले यँहाहरुसँग सहकार्य गर्ने अपेक्षा गरेको छु।

१०. Vat Added Tax को विषयमा आगमी वर्षको बजेट छलफल चाँडै सुरु गर्दैछौ ।यँहाहरुको लिखित सुझाव प्राप्त गरेर यसमा के कसरी जानु पर्दछ, कर सम्बन्धी विषयमा त्यो खर्च लेख्ने विषयहरुको सन्दर्भमा पनि विज्ञापनका खर्चहरु देखि लिएर अरु विमाका खर्चहरु लेख्ने कुराहरु यि सबै खर्च लेख्ने, यी सबै कुराहरुमा यँहाहरुको सुझाव आवोस ।अर्थ मन्त्रीले त्यसलाई हेर्नुपर्ने नै हुन्छ, हेर्ने छ। साथै यो Clean Feed को विषयमा हामीले अलि ढिलो भयो, अझ हामीले अझ छिटोबाट अघि बढाउन खोजेका थियौ र खास गरी नेपालको आफ्नो राष्ट्रियता, नेपालको आफ्नो व्यवसायिकता, नेपालको आफ्नो आर्थिक व्यवसायीक क्षेत्रको विकास, यि सवैको हिसावले हामीलाई केहि विषयमा सुधार गर्नुपर्ने देखेर Clean Feed को व्यवस्था सुरु गर्न लागेको हो। यसमा सञ्चार मन्त्रालयका साथीहरुले गृहकार्य गरेर कामलाई कार्यान्वयनमा लैजाने गरी नै काम गर्नु होला ।

११. अव राम्रो नराम्रो कामका सन्दर्भमा केहि कुराहरु आएको छ।अनुभवबाट सिक्दै गएको र गल्ति कमजोरीहरु सच्चाउँदै अघि बढ्ने हो, जो पनि व्यक्ति पनि त्यहि हो, सरकार पनि त्यहि हो, संस्थाहरु पनि त्यहि हो र सञ्चार माध्यमहरु पनि त्यहि हो । कसैले गल्ति गरिहाल्यो भने गल्ति नदोहोर्याउ, त्यसबाट सिकेर अघि बढौं ।राम्रो विषयलाई सुदृढ गर्दै जाउँ, व्यवस्थित गर्दै जाउँ । हाम्रा वीचमा समस्याहरु छन भने हल गर्दै जाउँ, हाम्रा साझा समस्याहरुलाई साझा सहमति र सहकार्यबाट अघि बढ्ने

गरी हामी जाउँ भन्ने हो ।सरकार के चाहन्छ भने नराम्रो कुराहरुलाई स्वस्थ ढँगले जनसमक्ष लगिदिनु पर्छ, सरकारले पनि त्यसको पृष्ठपोषण लिएर राम्रो काम गर्नलाई प्रेरित नै हुन्छ । सरकार पनि सरकारले केहि राम्रो काम गरेको छ भने पनि सार्वजनिक हितका लागि भन्दिए भनि केहि बिग्रदैन भन्ने सरकारको पनि अपेक्षा रहन्छ ।

१२. रेडियो, टेलिभिजन लगायतलाई हामी सार्वजनिक प्रसारकको लागि एउटा संस्था बनाउदैछौ ।त्यो संस्था भनेको हाम्रो सरकारको तर्फबाट सहयोग प्राप्त भएर सञ्चालन भएका मिडिया अथवा संस्थाहरुलाई, टेलिभिजन, रेडियोलाई व्यवस्थित र प्रतिस्पर्धी पनि तुल्याउने गरी अघि बढाउने प्रयास हो ।यिनीहरुको विस्तार कसरी गर्नुपर्नेछ, कस्तो संरचनामा अघि बढाउनुपर्ने भन्ने विषयमा सरकारले गृहकार्य गरेको छ। सञ्चार मन्त्रालयले यसमा थप कार्य गरिराखेको छ । यसमा मैले पूर्ण रुपमा समिक्षा पनि गरिराखेको छु। हाम्रो बीचमा पनि सरकारी सञ्चार माध्यम र निजी क्षेत्रको सञ्चार माध्यमको बीचमा पनि सहकार्य हुन किन नसकने, काहिँ न काँहि त हामीले सूचनाहरु, जानकारीहरु, विवरणहरु सबैका लागि जनहित हुने किसिमका सामाग्रीहरु अथवा दृश्य श्रव्य सामग्रीहरु शेयर गर्न किन नसक्ने यो पनि त संभावना होला नी अहिले हामी सार्वजनिक निजि साझेदारी अन्यत्र धेरै ठाँउमा सहकार्यमा छौ । त्यो सार्वजनिक निजी साझेदारी संचार क्षेत्रमा हुनै नहुने त हुँदैन होला नी साझेदारीका ठाँउहरु खोजौन के हुँदो रहेछ किनभने सरकारले धेरै लगानी गरेर केहि राम्रा सामाग्रीहरु उत्पादन गरिराखेको हुन्छ त्यो सरकारको मात्रै सञ्चार माध्यमबाट प्रसारण हुने वितरण हुने र पहुँच पुग्ने स्थिति रहँदैन भने हामी तिनीहरुसँग निजी क्षेत्रसँग पनि सहकार्य गरेर बढि भन्दा बढि नागरिकमा पुर्याउन पो सकिन्छ कि यो विषयमा पनि छलफल गरौं , त्यसैले सहकार्यको विषयमा र हाम्रा आफ्ना क्षेत्रको पेशागत हकहितको सन्दर्भमा कुरा गर्न तर्फ अघि बढ्नुपर्छ ।

१३. न्यूनतम पारिश्रमिक, पारिश्रमिक भन्ने शब्दको परिभाषा हुन्छ, कानूनमा जे परिभाषा छ त्यो त्यहि नै हो मैले अहिले परिभाषित गरेर पनि हुँदैन मलाई लाग्छ।तपाईहरुले त्यसको परिभाषा ठिकै गर्नुभएको छ भन्ने मलाई लागेको छ ।त्यसको आधारबाट यसलाई स्पष्ट गर्नुपर्ने मैले पनि अनुभुति गरेको छु त्यसलाई हामी छिट्टै स्पष्ट गर्छौं र हाम्रो मन्त्रालयको आधिकारिक निर्णयबाट यो कुरा स्पष्ट गर्दै यो पारिश्रमिकको विषयमा अघि बढ्छौ तर एउटा कुरा मैले यहाँहरु सबैलाई भन्नुपर्ने हुन्छ यो न्यूनतम ज्यालाको कुरा किन आयो मैले पारिश्रमिक शब्द प्रयोग गरिन अहिले न्यूनतम ज्यालाको विषय किन ल्याउनु पर्‍यो । नेपाली २ किसिमका गरिबहरु छौ। एकथरि काम पनि नपाएर साधन स्रोत अवसरमा पहुँच नपाएर भुमि पनि छैन पुँजी पनि छैन, अरु साधन स्रोत पनि छैन पनि सिप पनि छैन र काम पनि छैन । यसरी गरिब भएका छौ।अर्को एकथरी छौ अरु केहि नभए पनि काम पाएका छौं, दिन भरि काम पनि गर्छौं अनि ज्याला पनि पाउँछौ ।तर त्यो ज्यालाले परिवारको गरिबीको रेखा माथि रहेर कम्सेकम गरिबीको रेखा

भन्दामाथी उक्लिने हैसियत पनि त्यो ज्यालाले दिएको छैन। त्यहि भएर न्युनतम ज्याला सरकारले तोकेको हो र नेपालमा प्रत्येक पाँचजना मानिसमा एकजना त्यस्ता छन्। अब अहिले हामी छिट्टै चरम गरिबी अन्त्य गर्ने भनिराखेका छौ, अनि हामीले श्रममा सबैलाई श्रमको ग्यारेन्टी गर्ने कुरा गरिराखेका छौ ।

अनि शिक्षा स्वास्थ्यका अवसरहरु सबैमा पँहुच पुऱ्याउने कुरा गरिराखेका छौ भने उसले काम गरेपछि पाउने न्यूनतम ज्याला त्यो परिवारको खर्च धान्न सक्ने स्थितिमा भएन भने त Workimg Poor भन्छौ ।हामीले काम गरेकैछौ काम गर्दै गर्दाको गरिब सिर्जना गर्छौ र हामी जुन किसिमको समाजवाद उन्मुख राज्यप्रणाली विकास गरिरहने भन्ने कुरामा अव कसैलाई गरिबीको रेखा मुनि सधैं राखेर समृद्धिको सपना त के देखिएला । त्यहि भएर न्यूनतम ज्यालाका कुरा अघि वढाइएको हो। त्यो न्यूनतम ज्यालाको कारणले तपाईहरु मिडिया हाउसहरुलाई मिडिया सञ्चालनमा कहाँ-कहाँ समस्या भएको छ, थप बसेर छलफल गरौं। तर एउटा कुरा के हो भने मलाई लाग्दैन कि तपाईहरुले त्यो तेह्र हजार ज्यालाको विषयमा कुरा उठाउनु भएको हो। त्यो भन्दा माथिको विषयमा, पारिश्रमिक भन्ने शब्दले तलब भत्ता सुविधाको विषयमा उठाउनु भएको हो भन्ने लाग्छ। यो न्युनतम ज्यालामा विवाद नभए पछि बाँकि पारिश्रमिकको परिभाषामा पर्ने विषयमा हामी तपाईहरुसँग सानो समुहमा बसेर छलफल गर्नेछौ र त्यसबाट एउटा निकास निकाल्ने छौं।

१४. हाम्रो उदेश्य उद्योग बन्द गराएर, व्यवसाय बन्द गराएर, सञ्चार गृह बन्द गराएर पारिश्रमिक सुनिश्चित गर्ने अनि पहिले कामबाट उसलाई बञ्चित हुने अवस्था सिर्जना गर्ने, यो उल्टो बाटो सरकार हिंडन खोजेको छैन । सरकार सुल्टै बाटो हिंडने हो। कामका अवसर पनि सिर्जना गर्ने हो ।व्यवसायको विकास पनि गर्ने हो।बरु थप कामको अवसर सिर्जना गरेर तपाईहरुलाई बढि पारिश्रमिक दिन सक्ने तुल्याउने हो, यस तर्फ सरकार लाग्छ।यो भाषा म अर्थ मन्त्रीको तहबाट बोलिराखेको छु। तपाईहरु यसमा विश्वास गर्नुस कि हामी त्यो वातावरण छिट्टै बनाउछौ ।तपाईहरुलाई विश्वस्त पनि तुंल्याउछु यी समस्याहरु हामी छिट्टै हल गर्नेछौं ।

**अर्थ, सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाज्यूसँग र मिडिया सोसाइटी नेपाल, सामुदायिक रेडियो प्रसारक संघ नेपाल र ब्रोडकास्टिङ्ग एसोसिएशन अफ नेपालका पदाधिकारीहरुबीच मिति २०७६ फागुन ३० गते अन्तरक्रिया कार्यक्रममा व्यक्त बिचारको सम्पादित अंशहरु**